**आकाशवाणी समाचार- नेपाली**

मितिः २१ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहार र पश्चिम बङ्गालको भ्रमण गर्नुहुनेछ । श्री मोदीले आज कोलकातामा ५ हजार २ सय करोड रुपियाँ लागतका विभिन्न मेट्रो र सडक परियोजनाको उद्धाटन र शिलान्यास गर्नुहुनेछ ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहारको गयामा लगभग १३ हजार करोड रुपियाँका विभिन्न विकास परियोजनाहरूको उद्धाटन र शिलान्यास गर्नुहुनेछ।
- संसदीय मामिला मन्त्री किरेन रिजिजुले संसदको मनसुन सत्र देश र सरकारका लागि फलदायी भएको बताउनु भएको छ ।
- विदेशमन्त्री एस. जयशंकर र रुसका विदेशमन्त्रीले हिज मस्कोमा भएको भेटमा द्विपक्षीय सम्बन्धको सम्पूर्ण पक्षको समीक्षा गर्नुभएको छ ।
- भारत सरकारले ल्याएको अनलाईन गेमिंग संवर्धन एवं विनियमन बिधेयक -२०२५ संसदले पारित गरेकोछ।
- तिहार पर्वको समयमा भक्तजन र यात्रीहरूको सुबिधाको लागि रेलवेले ३८० गणपति विशेष यात्री रेलहरू सञ्चालन गर्नेछ।

प्रधानमंत्री नरेंद्र मोदी - कोलकाता - विभिन्न मेट्रो - सड़क परियोजन - उद्धाटन

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहार र पश्चिम बङ्गालको भ्रमण गर्नुहुनेछ । प्रधानमन्त्री नरेन्द्र मोदीले आज कोलकातामा ५ हजार २ सय करोड रुपियाँ लागतका विभिन्न मेट्रो र सडक परियोजनाको उद्धाटन र शिलान्यास गर्नुहुनेछ । यी परियोजनाहरूको शुरुवातसँगै महानगरको परिवहन व्यवस्थाले नयाँ गति पाउनेछ र लाखौं यात्रीहरूको सुविधामा पनि उल्लेखनीय वृद्धि हुनेछ। कार्यक्रम अनुसार, प्रधानमन्त्री श्री मोदीले आज अपराह्न ४ बजेर १५ मिनटमा जनताका लागि तीन वटा नयाँ मेट्रो सेक्शन समर्पित गर्नुहुनेछ र जेसोर रोडदेखि जय हिन्द विमानबन्दर स्टेशनसम्मको मेट्रो राइडको प्रत्यक्ष अनुभव लिनुहुनेछ । उहाँले १ हजार २ सय करोड रुपियाँ भन्दा अधिक अनुमानित लागतमा ७.२ किलोमिटर लामो कोना एक्सप्रेसवेको पनि शिलान्यास गर्नुहुनेछ । यो एक्सप्रेसवेले हावड़ा र कोलकाताबीच छिटो र निर्बाध सम्पर्क सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्नेछ। यसबाहेक सियालदहदेखि एस्प्लेनेड, नैयापारादेखि जय हिन्द विमानबन्दर र हेमन्त मुखोपाध्यायदेखि बेलेघाटसम्म १३.६२ किलोमिटर लम्बाइका यी खण्डहरू समावेश छन्। परियोजनाहरूको उद्धाटन पछि, प्रधानमन्त्री श्री मोदीले जेसोर रोड मेट्रो स्टेशनमा एक सार्वजनिक सभालाई पनि सम्बोधन गर्नुहुनेछ। यी नयाँ सेवाहरूको सुरुवातले दैनिक यात्रीहरूलाई मात्र नभई अर्को महिना दुर्गा पूजाको समयमा पण्डालको भ्रमण गर्न आउने लाखौं भक्तजनहरू र पर्यटकहरूलाई पनि राहत प्रदान गर्ने अपेक्षा गरिएको छ ।

प्रधानमंत्री नरेन्द्र मोदी - पश्चिम बंगाल

प्रधानमन्त्री नरेन्द्र मोदीले भाजपा सदैव विकासको बाटोमा रहेको र यसैकारण पश्चिम बङ्गालका जनताले यस पटक राज्यमा भाजपाको सरकार बनाउन चाहेको बताउनु भएको छ । एक सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभएको छ - प्रत्येक दिन बित्दै जाँदा राज्यमा तृणमूल कंग्रेसविरुद्ध जनआक्रोश बढ्दै गइरहेको छ। प्रधानमन्त्री श्री मोदीले आज कोलकातामा श्रमिकहरूको रैलीलाई पनि सम्बोधन गर्नुहुनेछ।

प्रधानमंत्री नरेन्द्र मोदी - बिहार - पश्चिम बंगाल भ्रमण -उद्धाटन -शिलान्यास

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहारको गयामा लगभग १३ हजार करोड रुपियाँका विभिन्न विकास परियोजनाहरूको उद्धाटन र शिलान्यास गर्नुहुनेछ। श्री मोदीले गंगा नदीमा औंटा-सिमरिया पुल परियोजनाको उद्धाटन गर्नुहुनेछ जसले उत्तर र दक्षिण

बिहारबीच सम्पर्क  बढाउनेछ। उहाँले  बख्तियारपुरदेखि मोकामा सम्म राष्ट्रीय राजमार्ग -३१ को चार लेनको खण्डको पनि उद्धाटन गर्नुहुनेछ। यसले भीडभाड र यात्रा को समय कम गर्नेछ र यात्री र माल यातायातमा सुधार गर्नेछ।

संसदीय कार्य मंत्री किरेन रिजिजू - संसद

संसदीय मामिला मन्त्री किरेन रिजिजुले संसदको मनसुन सत्र देश र सरकारका लागि निकै फलदायी भएको बताउनु भएको छ । सत्र अन्त्यपछि संसद भवन बाहिर हिज पत्रकारहरु सँग बातचित गर्नुहुदै  उहाँले  धेरै नयाँ सांसदलाई संसदमा  बोल्न नदिएको र यसका लागि प्रतिपक्ष नै जिम्मेवार रहेको बताउनु भएको छ ।

1-Byte- किरेन रिजिजु

विदेशमन्त्री एस. जयशंकर - रुस

विदेशमन्त्री एस. जयशंकर र रुसका  विदेशमन्त्रीले हिज  मस्कोमा भएको भेटमा द्विपक्षीय सम्बन्धको सम्पूर्ण पक्षको समीक्षा गर्नुभएको छ। डा. जयशंकरले दोस्रो विश्वयुद्ध पछि, भारत र रुस बीचको सम्बन्ध विश्वका सबै देशहरूमध्ये सर्वाधिक बलियो रहेको बताउनु भएको छ। डा. जयशंकरले रुसका  राष्ट्रपति भ्लादिमिर पुटिनसित पनि भेट गर्नुभएको छ 1

2-Byte- एस. जयशंकर

भारत सरकार- अनलाईन गेमिंग

भारत सरकारले ल्याएको अनलाईन गेमिंग संवर्धन एवं विनियमन बिधेयक -२०२५ बिधेयक संसदले पारित गरेकोछ। यस विधेयकले अनलाइन वित्तीय गेमिंग अर्थात पैसा लगाएर खेल्ने अनलाइन खेलहरूमाथि निषेध लगाउने छ। सरकारको एक आंकड़ा अनुसार देशका लगभग  45 करोड़ मानिसहरूले अनलाइन गेमिंगमा अनुमानित  20 हजार करोड़ रूपियाँ गुमाइसकेका छन्। यसले केवल  रूपियाँ पैसा कै  नोक्सानी गरि रहेको थिए तर यसले समाजमा पनि नराम्रो प्रभाव पारेको छ। सूचना तथा प्रसारण मंत्री अश्विनी वैष्णवले सदनमा यो बिधेयक पेश गर्दै स्पष्ट गरी दिनु भएको थियो कि यस विधेयकको उद्देश्य अनलाइन गेमिंगलाई रोक लगाउनु होइन तर संस्कृति  र शिक्षालाई टेवा दिने ज्ञानवर्धक र समाज हितकारी अनलाइन गेमिंगलाई संवर्धित गर्नु हो। तर अनलाइन गेमिंगको नाममा यसको दुरूपयोग भईरहेको थियो।

3- Byte अश्विनी वैष्णव

प्रधानमंत्री नरेंद्र मोदी - ऑनलाइन गेमिंग संवर्धन एवं विनियमन विधेयक- 2025

प्रधानमन्त्री नरेन्द्र मोदीले संसदले पारित गरेको अनलाइन गेमिंग संवर्धन एवं विनियमन बिधेयक , २०२५ ले भारतलाई गेमिङ, नवाचार और रचनात्मक सृजनशीलताको केन्द्र बनाउने आफ्नो सरकारको प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको बताउनु भएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदी- फ्रान्सका  राष्ट्रपति-बातचित

प्रधानमन्त्री नरेन्द्र मोदीले हिज  फ्रान्सका  राष्ट्रपति इमानुएल म्याक्रोनसँग टेलिफोन बातचित  गर्नुभयो। दुई नेताहरूले युक्रेन र पश्चिम एसिया क्षेत्रमा द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि जारी प्रयासहरूको बारेमा चर्चा  गर्नुभयो। प्रधानमन्त्री श्री मोदीले संघर्षको शान्तिपूर्ण समाधान र शान्ति र स्थिरताको चाँडै पुनर्स्थापनाको लागि भारतको निरन्तर समर्थन दोहोऱ्याउनु भयो।

भारतीय निर्वाचन आयोग - पर्यवेक्षक नियुक्त

भारतीय निर्वाचन आयोगले आगामी उपराष्ट्रपति चुनाउका लागि दुई पर्यवेक्षक नियुक्त गरेको छ। पर्यवेक्षकमा पञ्चायती राज मन्त्रालयका अतिरिक्त सचिव सुशीलकुमार लोहनी र वित्त  मन्त्रालयका अतिरिक्त सचिव डी आनन्दनलाई नियुक्त गरिएको छ। उपराष्ट्रपतिको निर्वाचन आगामी महिनाको ९ तारिख हुनेछ। उपराष्ट्रपतिको यो १७ औं निर्वाचन हो।

रेलवे, - 380 गणपति विशेष यात्री रेल सेवा

तिहार पर्वको समयमा भक्तजन र यात्रीहरूको सुबिधाको लागि रेलवेले ३८० गणपति विशेष यात्री रेलहरू सञ्चालन गर्नेछ। बर्ष २०२३ मा कुल ३०५ वटा यस्ता रेल सञ्चालनमा ल्याईएको थियो भने गत वर्ष यो संख्या बढेर ३५८ पुगेको छ। महाराष्ट्र र कोंकण क्षेत्रमा तिहारको समयमा यात्रीहरुको माग पूरा गर्न मध्ये रेलवेले २९६ वटा विशेष रेल सञ्चालन गर्ने रेल मन्त्रालयले जनाएको छ।

कृषिमन्त्री शिवराज सिंह - लखपति दीदी

कृषिमन्त्री शिवराज सिंह चौहानले देशका लगभग दुई करोड ८० लाख महिला लखपति दीदी बनेको बताउनु भएको छ। नयाँ दिल्लीमा उहाँले भन्नुभयो - प्रधानमन्त्री नरेन्द्र मोदीले तीन करोड लखपति दीदी बनाउने लक्ष्य राख्नुभएको छ।

रक्षामन्त्री राजनाथ सिंह

रक्षामन्त्री राजनाथ सिंहले हिज नयाँ दिल्लीमा ग्रुप क्याप्टेन शुभांशु शुक्लालाई भेट गर्नुभयो। श्री सिंहले ग्रुप क्याप्टेन शुक्लालाई उनको उपलब्धिको लागि बधाई दिनुहुदै यसलाई भारतको मानव अन्तरिक्ष यात्रामा महत्त्वपूर्ण बताउनुभयो। रक्षामन्त्रीले भारतीय अन्तरिक्ष कार्यक्रममा वायुसेनाको महत्त्वपूर्ण भूमिकाको पनि प्रशंसा गर्नुभयो।

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन-इसरो

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन-इसरोका अध्यक्ष वी. नारायणनले भारतको पहिलो मानव अन्तरिक्ष अभियान - गगनयानको पहिलो परीक्षण उडान यस वर्ष डिसेम्बरमा हुने बताउनु भएको छ। नयाँ दिल्लीमा उहाँले गगनयान अभियान राम्रोसँग अगाडि बढिरहेको बताउनु भएको छ।

पश्चिम बंगाल सरकार -अनुशासनात्मक कार्रवाई

पश्चिम बङ्गाल सरकारले मतदाता नामावलीमा अनियमितता गरेको आरोपमा पाँच जना अधिकारीलाई अनुशासनात्मक कारबाही गरेको छ। पश्चिम बङ्गाल सिविल सेवाका दुई अधिकारी सहित चार जना अधिकारीहरुलाई निलम्बित गरिएको छ। निर्वाचन आयोगको आदेशमा अनुशासनात्मक कारबाही गरिएको हो।